# वर्दियामा हावाहुरीले ३ जना घाइते, ६ घरको छाना उडायो ।

२०७४ जेष्ठ ३ गते विहान ८ः३० वजे आएको हुरीवतासले चोटपटक लाग्दा वर्दिया जिल्ला गुलरिया नगरपालिका १० कालावन्जार टपरी वस्ने वर्ष ४७ को विपत यादव, वर्ष १० को अजित चमार र वर्ष १६ कि अन्जु सुनार सामान्य घाइत भएको छन्। घाइतेहरू जिल्ला अस्पतालमा उपचार भै घर फर्किसकेका छन् । हावाहुरीले विपत यादवको २ कोठे घरको टायल उडाएको ,अन्दाजी क्षति ५० हजार । त्यसैगरि ऐऐ का गोपाल रैदासको ३ कोठे घरको टायल उडाएको, क्षति ४० हजार । त्यसैगरि ऐऐ का ज्योति सुनारको ४ कोठे घरको टिन उडाएको , क्षति ६० हजार । र ऐऐ का सवटु पासवानको ३ कोठाको घरको टायल उडाएको, ३० हजार क्षति ।

त्यसैगरि वढैयाताल गाउपालिका १ सानो ढाँफे नर वहादुर थापाको टिनको छाना उडाएको, क्षति १ लाख २० हजार । त्यसैगरि ऐ ऐ का दिनेश थापाको टिनले छाएको छाना उडाएको, क्षति १ लाख ५० हजार ।

अर्को घटनामा वर्दिया बढैयाताल गाउँपालिका ७ वस्ने वाजु थारूको आपको रूखमा चट्याङ्ग पर्दा वाधिराखेको २ वटा गोरूको मृत्यु भएको ।

जिल्ला आपतकालिन कार्यसञ्चालन केन्द्र वर्दिया